# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २) काठमाण्डौ, वैशाख २५गते २०७५ साल, संख्याः ११


## भाग२

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिका कार्यालयको सूचना

# गोकर्णेश्वर नगरपालिका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**स्थानीय तहमा साविक महिला तथा बालबालिका कार्यालयले गर्दै आएका महिला सशक्तिकरण, लैङ्गिक तथा बाल अधिकार, जेष्ठ नागरिकको अधिकार प्रवर्द्धन तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको प्रवर्द्धन गर्न तथा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको हित संरक्षणको लागि नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई कार्यविधि बनाई व्यवस्थित गर्नवाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गोकर्णेश्वर नगरपालिका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)"नगरपालिका" भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ ।

(ख)"संघीय कानून" भन्नाले महिला, बालबालिका, बालबालिका,

जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा संघीय संसदले बनाएको ऐन र सो ऐन अन्तरगत नेपाल सरकारले बनाएका कार्यविधिलाई नियमावली, निर्देशिका वा कार्यविधि सम्झनु पर्दछ ।

(ग) "महिला समूह" भन्नाले महिला विकास कार्यालय मार्फत प्रवर्द्धन गरिएका ग्रामीणस्तरका महिलाको सामुदायिक समूह सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएका महिला समिति वा महिला संस्था र गठन प्रक्रिया पूरा गरी दर्ता प्रक्रियामा रहेकानिश्चित विनियमका आधारमा क्रियाशील र सञ्चालित तदर्थ महिला समिति वा महिला संस्थालाई समेत जनाउँछ ।

(घ) "एकल महिला सुरक्षा कोष" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम ३

बमोजिमको एकल महिला सुरक्षा कोष सम्झनुपर्दछ ।

(ङ) "लैङ्गिक हिंसा निवारण कोष" भन्नाले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ।

(च) "आकस्मिक बाल उद्धारकोष" भन्नाले आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ को नियम ३ बमोजिमको आपतकालीन बाल उद्धार कोष सम्झनु पर्दछ ।

(छ) "चालुकोष" भन्नाले नेपाल सरकारबाट मिति २०६०।१०।१५ मा स्वीकृत निर्देशिकाको दफा २.२ बमोजिम संस्थाहरुलाई उपलब्ध गराउने बीउपूँजी सम्झनुपर्दछ ।

(ज) "अपाङ्गता" भन्नाले अपाङ्गताको परिभाषा तथा वर्गीकरण, २०६३ बमोजिम शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण

भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्था सम्झनु पर्दछ।

(झ) "ज्येष्ठ नागरिक" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम वर्गीकरण गरिएको देहायबमोजिमका ज्येष्ठ नागरिकलाई सम्झनुपर्दछः-

(१) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(२) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(३) असहाय ज्येष्ठ नागरिक,

(४) अशक्त ज्येष्ठ नागरिक ।

(ञ) “बालक” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २ को (क) बमोजिम सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्दछ ।

३. **बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने बालबालिकाको बालसंरक्षण सम्बन्धी रोकथाममूलक, सचेतनामूलक एवं उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिकालेनगरपालिका बाहेक अन्य संस्था वा निकायबाट सञ्चालन हुने उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग र समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) अन्तरगत देहाय बमोजिमका कार्यगर्नु पर्नेछः-

(क) बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०७२ कार्यान्वयन गर्न आवश्यक कार्यक्रमको पहिचान, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन,

(ख) नगरपालिकामा बालश्रमको अन्त्य गर्न बालश्रमको नक्साङ्कन, अध्ययन तथा

अनुसन्धान गरी बालश्रम अन्त्य गर्ने कानूनको तर्जुमा गर्ने,

(ग) स्थानीय तहमा सडक तथा बेवारिसे बालबालिका लगायत दुर्व्यसनीमा लागेका बालबालिकाको पहिचान गरी उनीहरुको पुर्नस्थापनाको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

(घ) बालबालिका विरुद्ध हुने शारीरिक तथा मानसिक दण्ड सजायलाई अन्त्य गर्न आवश्यक कानूनको तर्जुमा तथा त्यस्ता कानूनको कार्यान्वयन गर्ने,

(ङ) बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहारको अन्त्य गर्ने, हिंसामा परेको बालबालिकाको सामाजिक, आर्थिक, राजनैतिक तथा न्यायिक हकहित सुनिश्चित गर्न आवश्यक कानून तर्जूमा गरी सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने,

(च) स्थानीय आवश्यकता र मागलाई दृष्टिगत गरी बालसंरक्षणसँग सम्बन्धित कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।

(४) नगरपालिकालेबालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न बाल संवेदनशील बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

(५) नगरपालिकाले स्थानीय विकास तथा पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुलाई बालमैत्री र बालसंवेदनशील बनाउन आवश्यक पहल गर्नु पर्नेछ ।

(६) नगरपालिकाले स्थानीय आर्थिक, राजनैतिक, प्रशासनिक लगायत सामाजिक क्षेत्रहरुमा लगायत सामाजिक क्षेत्रहरुमा बालअधिकारका मुद्दालाई समावेश तथा मूलप्रवाहीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(७) नगरपालिकालेबाल सञ्जाल, बालक्लब गठन, नियमन तथा सञ्चालनसम्बन्धी कार्यविधि तथा दिग्दर्शनहरु तर्जुमा र आवश्यक अनुगमन गर्नु पर्नेछ ।

(८) नगरपालिकालेबालबालिकाको ओसारपसार तथा बेचविखनविरुद्धका कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नु पर्नेछ ।

(९) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालन गरिने बालगृहको आवश्यकता पहिचान, मापदण्ड निर्धारण र हाल सञ्चालन भइरहेका बालगृहको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(१०) नगरपालिकाले विपदमा परेका बालबालिकाको उद्धार, संरक्षण तथा पुर्नस्थापना सम्बन्धी कार्यविधि तथा मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्नेछ ।

४. **महिला तथा किशोरीसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नेः**(१)नगरपालिकाले महिलाहरुको समूह, समिति, संस्था र निगरानी समूह, किशोरी समूह सूचीकरण तथा परिचालन र नियमित बैठक, अन्तरकृया, महिला संस्थाद्वारा सञ्चालित कार्यक्रममा सहजीकरण तथा सहयोग गर्नु पर्नेछ ।

(२) नगरपालिकाले किशोरी सूचना तथ परामर्श केन्द्र स्थापना र अतिविपन्न किशोरीलाई शैक्षिक तथा स्वास्थ्योपचारमा सहयोग गर्नु पर्नेछ।

(३) नगरपालिकालेमहिला समिति तथा संस्थाको कार्ययोजना वा रणनीति पत्र तर्जुमामा सहयोग गर्नु पर्नेछ।

५. **ज्येष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नेः**(१)नगरपालिकाले स्थानीय तहमा रहेका ज्येष्ठ नागरिकको नक्साङ्कन  र अभिलेखाङ्कन कार्य गर्नु पर्नेछ ।

(२) नगरपालिकाले ज्येष्ठ नागरिकको अनुभव तथा सीपको हस्तान्तरण र सदुपयोग गर्नु पर्नेछ ।

(३) नगरपालिकाले ज्येष्ठ नागरिकको लागि परिचयपत्र वितरण र उनीहरुको लागि प्रदान गरिने सुविधा तथा सहुलियतको पहिचान गरी

कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नु पर्नेछ ।

(४) नगरपालिकाले स्थानीय तहमा ज्येष्ठ नागरिकको लागि निःशुल्क तथा सशुल्क आवासगृहको स्थापना लगायत मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) नगरपालिकाले समुदायमा ज्येष्ठ नागरिक प्रतिको सम्मान तथा आदर अभिवृद्धि गर्न र पुस्तान्तरणबाट उत्पन्न हुन सक्ने समस्याहरुबारे सचेत गर्न विद्यालयस्तरदेखि नै सचेतना अभियान सञ्चालन गर्नु पर्नेछ।

(६) नगरपालिकाले परिवारका ज्येष्ठ सदस्यहरुप्रति परिवारका अन्य सदस्यहरुको जिम्मेवारी तथा दायित्व सुनिश्चित गर्न आवश्यक कानून तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ ।

६. **अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नेः**(१)नगरपालिकाले स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान, नक्साङ्कन, वर्गीकरण र अभिलेखाङ्कन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

(२)नगरपालिकाले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र वितरण गर्नुको साथै उनीहरुलाई संघीय कानून बमोजिम दिनुपर्ने

सुविधा तथा सहुलियतको पहिचान गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) नगरपालिकालेअपाङ्गता भएका व्यक्तिहरुको मनोबल उच्च राख्ने क्रियाकलापको पहिचान गरी त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।

(४) नगरपालिकालेअपाङ्गता भएका व्यक्तिको आर्थिक अवस्थाको पहिचान गरी उनीहरुको सशक्तिकरणको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने छ र त्यस्तो कार्यक्रमको नियमित अनुगमन गर्नु पर्नेछ ।

(५)नगरपालिकालेअपाङ्गता भएका व्यक्तिहरुको विशेष आवश्यकतालाई दृष्टिगत गरी सार्वजनिक स्थल तथा संरचनाहरु अपाङ्गता मैत्री बनाउन पहल गर्नु पर्नेछ ।

(६) नगरपालिकाले दीर्घकालिन हेरचाह तथा उपचार आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक स्वास्थ्य तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा स्तरीकरणका लागि पहल गर्नु पर्नेछ ।

(७) नगरपालिकालेअपाङ्गता भएका व्यक्तिको लागि नेपाल सरकारबाट जारी गरिएको "अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण निर्देशिका, २०७५" बमोजिम अपाङ्गता परिचयपत्र बमोजिम वितरण गर्नु पर्नेछ ।

७. **क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेः** (१) नगरपालिकाले महिला तथा किशोरीको आर्थिक सशक्तिकरण सम्बन्धमा देहायका कार्यहरु गर्नेछः-

(क) महिला तथा किशोरीकालागि उपयुक्त व्यवसायको पहिचान तथा सीप विकास गर्ने,

(ख) महिला तथा किशोरीको व्यावसायिक समूह गठन गर्ने,

(ग) महिला तथा किशोरीलाईव्यवसाय सञ्चालन अनुदान (Seed Money),स्थलगत प्राविधिक परामर्श तथा उद्यमशीलताको विकास र बजारीकरणमा सहयोग गर्ने,

(घ) अति विपन्न अवस्थाका महिला, अभिभावकविहिन तथा जोखिममा परेको किशोरीलाई व्यवसाय सञ्चालन सम्बन्धी अन्य कार्यक्रम सञ्चालन गर्ने ।

८. **लैङ्गिक हिंसा विरुद्धका क्रियाकलाप सञ्चालन गर्नेः**(१)नगरपालिकाले लैङ्गिक हिंसा विरुद्धका निगरानी समूह वा संस्थालाई संरक्षण विषयगत तालीम, लैङ्गिक हिंसा विरुद्धमा सचेतना अभियान सञ्चालनमा सहयोग तथा प्रचार प्रसार गर्नु पर्नेछ ।

(२) नगरपालिकाले लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको संरक्षणको लागि अल्पकालीन सेवा केन्द्र स्थापना, हिंसा पीडित महिला, बालबालिका र किशोरीहरुको उद्धार, संरक्षण तथा पुनर्स्थापनामा सहयोग गर्नु पर्नेछ ।

९. **विविधः**(१) नगरपालिकालेमानव बेचविखन तथा ओसार पसार नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजना, २०७२ ले तय गरेका उद्देश्यहरु पूरा गर्न स्थानीय समितिहरु गठन तथा परिचालन, सचेतना, अभिमुखीकरण कार्यक्रम कार्ययोजना तयारी, सञ्चालन तथा परामर्श, घटना व्यवस्थापन तथा सम्प्रेषण प्रणालीमा सहयोगका लागि प्रभावितको उद्धार, संरक्षण र पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिकालेसंघीय कानून तथा स्थानीय कानूनमा व्यवस्था गरिएका कोषहरु ( चालुकोष स्थापना, लैङ्गिक हिंसा निवारण कोष, मानव बेचविखन तथा ओसार पसार नियन्त्रण, उद्धार तथा पुनर्स्थापनाका लागि कोष, आकस्मिक बाल उद्धारकोष, एकल महिला सुरक्षा कोष, विपद व्यबस्थापन संरक्षण कोष आदि) को स्थापना, परिचालन तथा व्यवस्थापनमा सहयोग गर्नु पर्नेछ ।

(३) नगरपालिकाले राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा(NDRF)मातोकिएकोसंरक्षण विषयगत क्षेत्रको महिला र बालबालिकाको संरक्षण कार्यहरु गर्नु पर्नेछ ।

(४)नगरपालिकालेमहिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रिय, राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कार्ययोजना सम्बन्धी अभिमुखीकरण तथा कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(५) नगरपालिकाको नगर क्षेत्रभित्र सञ्चालन गरिएका सम्पूर्ण क्रियाकलापको विवरण तयारी, अद्यावधिक गर्ने, प्रगति विवरण तयारी र प्रकाशन गर्ने, तोकिएको निकायमा पठाउने र सार्वजनिकीकरण गर्नु पर्नेछ ।

(६) नगरपालिकाले यस कार्यविधिमा उल्लेख गरिएका कार्यहरु गर्दा सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

(७) नगरपालिकाले यस कार्यविधिमा उल्लेख गरिएका अतिरिक्त नेपाल सरकार तथा प्रदेश सरकारबाट निर्धारित महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी अन्य कार्यक्रमको तर्जुमा तथा सञ्चालन गर्नु परेमा यसै कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

स्वीकृत मितिः २०७५।१।२५

आज्ञाले,

दिपक कोईराला

प्रमुख प्रशासकिय अधिकृत